**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

# गण्डकी गाउँपालिका नर्सरी केन्द्र स्थापना कार्यविधि,२०७९

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः ३३ मितिः २०७९/११/०५

**भाग-२**

## गण्डकी गाउँपालिका

ग्रामीण क्षेत्रको भुगोल भएका क्षेत्रमा फलफूल तथा तरकारीको बेर्ना उत्पादन गरि कृषकहरुलाई सहज रुपमा वितरण गरेर फलफूल तथा तरकारी उत्पादनलाई बढावा दिदै कृषकहरुलाई व्यवसायी बनेर आर्थिक रुपमा मजबुत बनाउने उद्देश्य साथै दिर्घकालिन रुपमा कृषकहरुको फलफूल तथा तरकारी खेतीबाट नाफामुलक आयआर्जन गर्ने हेतुले गण्डकी गाउँपालिका गाउँ कार्यपालिका द्धारा निर्माण कृषक जग्गा भाडा अनुदान कार्यविधि,२०७९ कार्यविधि

आज्ञाले,

रिजेश उपरकोटी

प्रमुख प्रशासकीय अधिकृत

## गण्डकी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय
# भुम्लीचोक, गोरखा

## गण्डकी गाउँपालिका नर्सरी केन्द्र स्थापना कार्यविधि,२०७९

**प्रस्तावनाः**

ग्रामीण क्षेत्रको भुगोल भएका क्षेत्रमा फलफूल तथा तरकारीको बेर्ना उत्पादन गरि कृषकहरुलाई सहज रुपमा वितरण गरेर फलफूल तथा तरकारी उत्पादनलाई बढावा दिदै कृषकहरुलाई व्यवसायी बनेर आर्थिक रुपमा मजबुत बनाउने उद्देश्य साथै दिर्घकालिन रुपमा कृषकहरुको फलफूल तथा तरकारी खेतीबाट नाफामुलक आयआर्जन गर्ने हेतुले यस कार्यविधि जारी गरिएको छ । फलफूल तथा तरकारीको बेर्ना उत्पादन गरि वितरण गर्ने र नर्सरी व्यवस्थापनलाई कार्यान्वयनमा ल्याउन आ.व२०७९/८० को बजेटबाट संचालन साथै एक रुपता ल्याउन बनाईएको कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुने छ ।

### परिच्छेद १

१.संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नामः नर्सीरि केन्द्र स्थापना कार्यविधि-२०७९ रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

ग) यो कार्यविधि गण्डकी गाउँपालिका भर लागु हुनेछ ।

२.विषय र प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस कार्यविधिमा,

क)“गाउँपालिका”भन्नाले गण्डकी गाउँपालिकालाई जनाउछ ।

ख)"अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई जनाउछ ।

ग)“शाखा”भन्नाले गण्डकी गाउँपालिकाको कृषि विकास शाखा बुझ्नु पर्दछ।

घ)“समिति”भन्नाले कृषक छनौट समितिलाई सम्झनु पर्दछ।

ङ) “नर्सरी” भन्नाले फलफूल तथा तरकारीको बेर्ना उत्पादन गर्नका लागि तयार गरिएको ठाउँलाई सम्झनु पर्दछ ।

च)“ अनुदान” भन्नाले यस कार्यक्रम/नर्सरी बाट उत्पादन गरिएका विरुवा कृषक तथा कृषक समूहहरु लाई सरकारी मुल्यको ७५ प्रतिशत छुटमा वितरण गरि गरिने सहायतालाई सम्झिनुपर्दछ ।

छ) “कार्यक्रम” भन्नाले अनुदानमा बेर्ना वितरण तथा नर्सरी स्थापना सम्बन्धि विभिन्न कार्यक्रम भन्ने सम्झिनुपर्दछ।

ज)उत्पादन भएका विरुवा वितरणको हकमा “लक्षितवर्ग” भन्नाले गाउँपालिका भित्रका सम्पुर्ण कृषक,कृषक समुह तथा कृषि सहकारीहरुलाई सम्झनु पर्दछ ।

झ) “विषयगत निकाय” भन्नाले गण्डकी गाउँपालिका कृषि विकास इकाई सम्झनु पर्दछ ।

ञ) “व्यवस्थापन” भन्नाले नर्सरी स्थलको हेरचाहका लागि गरिने मानविय व्यवस्था हो ।

## परिच्छेद २

कार्यक्रमको उद्देश्य र जग्गा सम्बन्धि व्यवस्था

३. कार्यक्रमको उद्देश्य

क)गाउँपालिका भित्र मौसम अनुसार लगाउन सकिने फलफूल, पुष्प तथा तरकारी बालीका विरुवा उत्पादन गरी फलफूल,पुष्प तथा तरकारी खेती विस्तार गर्नुका साथै कृषकहरुलाई अनुदानमा बिरुवा वितरण गरेर कृषकहरुको आर्थिक भार कम गर्ने।

ख) फलफूल,पुष्प तथा तरकारी खेती प्रति कृषकलाई आकर्षित गर्नु ।

ग) कृषकहरुको खेतीपाती प्रणालीमा सुधार ल्याई कृषिमा विकास गरि उत्पादन र उत्पादकत्वमा बृद्धि गरी दिगो र फराकिलो आर्थिक विकास गर्न।

घ) कृषि जन्य बस्तुमा गाउँपालिकालाई आत्मनिर्भर बनाई वित्तिय श्रोतको पहुँचमा टेवा पुयाउनु ।

३.१ विरुवा वितरणमा अनुदान रकमको सिमा

यस कार्यक्रममा गाउँपालिका स्तरिय नर्सरीबाट उत्पादन गरिएका सम्पुर्ण किसिमका विरुवाहरु नेपाल सरकारले तोकेको मुल्यमा गण्डकी गाउँपालिका भित्रका कृषकलाई बढिमा ५० देखि ७५ प्रतिशत सम्म अनुदान रकम प्रदान गरिने छ ।

३.२ जग्गा सम्बन्धि व्यवस्था

क) नर्सरी स्थापना गर्दा गाउँपालिकाले सम्भव भएसम्म आफ्नै जग्गामा अथवा गाउँपालिकाले आफ्नो अनुकुलतामा कृषि कर्ममा पूर्ण रुपमा संलग्न इच्छुक कृषक, कृषक समूह/सहकारी छनोट गरी उक्त

कृषक समूह/सहकारीलाई प्राविधिक तथा आर्थिक सहयोग गाउँपालिकाले गर्ने गरी नर्सरी केन्द्र स्थापना गर्नु पर्नेछ ।

ख) आफ्नो जग्गा नभएको हकमा जग्गा धनिसँग कम्तिमा १० वर्षको लागि लिज सम्झौता गर्नु पर्नेछ।

३.३ नर्सरी संरचना निर्माण सम्बन्धमा

ग) नर्सरीको संरचना स्थापनाको हकमा गण्डकी गाउँपालिकाले ७५% र सम्बन्धित कृषक, कृषक समूह/सहकारी ले २५% व्यहोर्नुपर्नेछ।

घ) उक्त नर्सरी केन्द्रमा उत्पादित बिरुवा नेपाल सरकारले तोकेको मुल्यमा गण्डकी गाउँपालिका भित्रका कृषकलाई बढिमा ५० देखि ७५ प्रतिशत सम्म अनुदान रकम प्रदान गर्नुपर्नेछ ।

## परिच्छेद ३

अनुगमन समिति र सेवासुविधा सम्बन्धि व्यवस्थाहरु

४.कृषक समूह/सहकारी छनोट समिति

- गाउँपालिका अध्यक्ष संयोजक
- गाउँपालिका उपाध्यक्ष सदस्य
- प्रमुख प्रशासकीय अधिकृत सदस्य
- गाउँपालिका कृषि विकास शाखा प्रमुख सदस्य सचिव

५.अनुगमन तथा मुल्याङ्कन समिति

५.१) यस कार्यक्रमको कार्यान्वयनको अनुगमन मुल्याङ्कन गरी आगामी वर्षको कार्यक्रम कार्यान्वयन तथा दिगोपनाका लागि देहाय अनुसारको एक समिति रहने छ ।

- गाउँपालिका उपाध्यक्ष संयोजक
- प्रमुख प्रशासकीय अधिकृत सदस्य
- प्राविधिक शाखा प्रमुख सदस्य
- गाउँपालिका योजना शाखा प्रमुख सदस्य
- गाउँपालिका कृषि विकास शाखा प्रमुख सदस्य सचिव

५.२) अनुगमन तथा मुल्याङ्कन समितिको काम कर्तव्य र अधिकार

- समय समयमा नर्सरीको अवस्था बारे अनुगमन गर्ने ।
- अनुगमनको क्रममा देखिएका तथ्यको आधारमा कार्यक्रमको प्रभावकारीता, पहुँच तथा समस्याको पहिचान तथा समाधान सहित सम्बन्धित निकायमा सुझाव सहित पेश गर्ने ।
- कार्यविधिको लक्ष्य तथा उद्देश्य अनुरुप काम भएको वा नभएको प्रभावकारीता मुल्याङ्कन गरि आवश्यक कार्यक्रम तर्जुमा तथा निति तय गरी गाउँ कार्यपालिकामा पेश गर्ने ।
- कार्यपालिकाले तोकेको अन्य कार्यहरु गर्ने ।

५.३) नर्सरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा गाउँपालिका अध्यक्षले आवश्यकता अनुसार जुनसुकै समयमा अनुगमन, नियमन र रेखदेख गर्न सक्नेछ ।

६) सम्बन्धित गाउँपालिकाको काम, कर्तव्य र अधिकार

- नर्सरी स्थापनाका लागी तोकिएको पूँजीगत लगानी सम्बन्धित गाउँपालिकाले गर्नुपर्नेछ।
- समय समयमा नर्सरीको अवस्था बारे अनुगमन गर्ने ।

७) कृषक/कृषक समूह/सहकारीको जिम्मेवारी तथा कार्यविवरण

- यस कार्यक्रममा नर्सरी निर्माण सम्बन्धि सम्पुर्ण कार्य गर्ने ।
- नर्सरीका लागी आवश्यक अन्य लगानी जस्तै: आवश्यक कर्मचारी व्यवस्थापन, नर्सरीका लागी आवश्यक बिउ बिजन, मलखाद आदि कृषक समूह स्वयंले वेहोर्नु पर्नेछ।
- कार्यालयको निर्देशन अनुसार साथै कृषकहरुको आवश्यकता अनुसारका नर्सरीमा विरुवा लगाउने, हेरचाह गर्ने, कृषकहरुलाई वितरण गर्ने र बिरुवा वितरणको भरपाई सम्बन्धित पालिकामा पेश गर्ने लगायतका सम्पुर्ण कार्य गर्ने ।
- अन्य कार्य गर्नु परेमा कार्यालयको निर्देशन अनुसार गर्ने ।

८) बिरुवा वितरण सम्बन्धि सुचना तथा आवश्यक कागजातहरु

- यस कार्यक्रम सञ्चालनका लागि सम्बन्धित कृषक समूह/सहकारीले उत्पादन गरेका विरुवाहरु वितरणका लागि सार्वजनिक रुपमा अधिकतम कृषकहरुसम्म सुचनाको पहुँच पुग्ने गरी आवेदन मागको लागि वर्षमा कम्तिमा २ पटक तरकारी तथा फलफूल विरुवा मागका लागि १५ दिनको सुचना प्रसारण गर्नु पर्ने छ।
- उपदफा (१) बमोजिम प्राप्त आवेदन अनुसार नर्सरीमा भएका तरकारी तथा फलफूल विरुवा सरकारी मुल्यमा ५० देखि ७५ प्रतिशत अनुदानमा कृषक तथा कृषक समूहहरुलाई वितरण गरिनेछ ।

९) विरुवा मागका लागि आवश्यक कागजातहरु

- निवेदन
- वडा कार्यालयको सिफारिस

१०) सेवा सुविधा भुक्तानी सम्बन्धि व्यवस्था

- यो कार्यक्रम लागु भएपछि सम्बन्धित इकाइको सिफारिसको आधारमा सम्झौता अनुसारको सेवा सुविधा तथा अन्य रकम बैंक मार्फत भुक्तानी हुने छ ।

११) अभिलेख तथा प्रगति प्रतिवेदन

यस कार्यक्रम कार्यविधिले निर्धारित गरेका सम्पूर्ण विषय अनुसारका कागजपत्रहरुको व्यवस्थापन गर्ने कार्य सम्बन्धित विषयगत निकायले गर्नेछ । यस कार्यक्रम सञ्चालन पस्चात अनुगमन समितिको विषयगत निकायले अनुसुची ४ बमोजिम वार्षिक रुपमा अभिलेख राख्ने छ ।

१२) कृषक समूह/सहकारी छनोट प्रकृया:

- कम्तिमा ७ दिनको समय राखी सम्बन्धित गाउँपालिकाले सुचना प्रकाशन गर्नुपर्नेछ।
- आवेदन पर्न आएका कृषक/कृषक समूह/ सहकारी मध्येबाट छनोट समितिले कुनै एउटा कृषक/कृषक समूह/ सहकारी छनोट गरी सम्झौता प्रकृया अगाडी बढाइनेछ।

## परिच्छेद ४

- ❖ सम्बन्धित गाउँपालिकाको लगानी भुक्तानी प्रकृया:

सम्बन्धित गाउँपालिकाको भुक्तानी प्रक्रिया देहायबमोजीमको आधारमा हुनेछ।

क) नर्सरी घर स्थापना गर्दा प्राविधिकको नक्साङ्कन साथै लागत अनुमानमा आधारित भएर स्थापना गर्नुपर्नेछ।

ख) नर्सरी घर स्थापना पश्चात रकम भुक्तानीको लागी सम्बन्धित गाउँपालिकामा देहाय बमोजिम कागजात पेश गर्नुपर्ने छ ।

- कृषि समूह/ सहकारीको निवेदन
- प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन र वडा कार्यालयको भुक्तानी सिफारिस ।
- बिल भरपाई ।
- नवनिर्मित नर्सरी घरको फोटो १ प्रति।
- अनुगमन समितिको प्रतिवेदन

## परिच्छेद ५

विविध

१३) बाधा अड्काउ फुकाउनेः यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँकार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

१४) परिमार्जन तथा संशोधनः यो कार्यविधिलाई आवश्यकता अनुसार गाउँकार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

१५) नर्सरी स्थापना तथा तालिम कार्यक्रम को लागि विनियोजित रकम खर्च गर्ने आधारहरु

- सूचना प्रवाह एवं प्रचार प्रसार
- नर्सरी स्थापनाको लागि आवश्यक तालिम वितरणको लागि खर्च गर्न सकिने
- नर्सरी व्यवस्थापनको लागि आवश्यक सामग्री खरिद गर्न सकिने (जस्तै ग्रिन नेट, प्लास्टिक, कुटो, कोदालो, सिकेचर आदि) साथै आवश्यक परेको खण्डमा नर्सरी घरको स्थापनामा समेत खर्च गर्न सकिने
- यस अलावा तरकारी तथा फलफूल नर्सरीलाई प्रभावकारी रुपमा अघि बढाउन अन्य कृयाकलापहरु समेत आवश्यक देखेमा सोका लागि समेत खर्च गर्न सकिनेछ ।

अनुसुची १

गण्डकी गाउँपालिका

गाउँपालिका स्तरिय नर्सरि केन्द्र स्थापना कार्यविधि,२०७९

गाउँपालिका स्तरिय नर्सरिबाट वितरण गरिने विरुवा मागको लागि निवेदनको ढाचाँ

मिति

श्रीमान् शाखा प्रमुख ज्यू
कृषि विकास शाखा
गण्डकी गाउँपालिका,भुम्लिचोक गोरखा ।

विषयः विरुवा माग सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा यस गण्डकी गाउँपालिकाबाट वितरण हुने..........जातको फलफूल वा तरकारीको विरुवा नियमानुसार पाउँ भनि यो निवेदन पेश गर्दछु ।

निवेदकः

नामः

ठेगानाः

सम्पर्क नं

अनुसुची २

गण्डकी गाउँपालिका

गाउँपालिका स्तरिय नर्सरी केन्द्र स्थापना कार्यविधि,२०७९

छनोटमा परेका कृषि समूह/सहकारीसँग सम्झौताको ढाचाँ

गण्डकी गाउँपालिका
भुम्लिचोक, गोरखा ।

गोरखा जिल्ला गण्डकी गाउँपालिका वडा नं....मा कृषि कर्ममा निरन्तर संलग्न ............ कृषि समूह/सहकारी गण्डकी गाउँपालिका स्तरीय नर्सरीको लागी कार्य गर्न तपशिल बमोजिममा रहेर सम्झौता गर्न तयार छौं ।

१.यो सम्झौता पत्र कृषि समूह/सहकारी र गण्डकी गाउँपालिका बिच गाउँपालिका स्तरिय नर्सरी व्यवस्थापन कार्यक्रम कार्यन्वयनका लागि प्रयोजन गरिने छ ।

२. यो सम्झौता भएको मितिले ७ दिन भित्र नर्सरीमा कार्य सुरु गर्नु पर्ने छ ।

३.यो कार्य अरु कुनै तेस्रो पक्षलाई हस्तानतरण गर्न पाइने छैन ।

४. गाउँपालिका स्तरीय नर्सरीमा नर्सरी घर स्थापना, विरुवा लगाउने, खनजोत गर्ने, गोडमेल गर्ने, हेरचाह लगायतका सम्पूर्ण कार्य कृषि समूह/सहकारीले गर्नु पर्ने छ ।

५.यस कार्यक्रममा कुनै पनि विवाद वा समस्या आएमा कार्यालयको निर्णयनै अन्तिम निर्णय हुने छ ।

६. कार्यालयबाट यस कार्यक्रमको समय समयमा अनुगमन हुने छ ।

७. अनुगमनको क्रममा निर्देशन अनुसार कार्य गरेको नपाईएमा तुरुन्त यस गाउँपालिका स्तरीय नर्सरी बाट हटाइने छ ।

८.यो सम्झौतामा उल्लेख गरेका कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| | |
|---|---|
| ................. | ..................... |
| कृषि समूह/सहकारी | गण्डकी गाउँपालिका |
| कार्यालय प्रमुखको दस्तखतः | प्रमुखको दस्तखत: |
| कार्यालयको छापः | कार्यालयको छापः |

साक्षिहरुः

१.

२.

३.

अनुसुची ४

गण्डकी गाउँपालिका

गाउँपालिका स्तरिय नर्सरी केन्द्र स्थापना कार्यविधि,२०७९

गाउँपालिका स्तरिय नर्सरीबाट वितरण गरीएको विरुवाहरुको अभिलेख

आ.व..............

क्र.स वितरण गरिएको विरुवा जात किसिम

बिउ वेर्ना कलमी संख्या

आज्ञाले,
रिजेश उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत